annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १२८ पृष्ठ ८ | काठमाडौं, बिहीबार २० भदौ २०८१ | भाद्र शुक्लपक्ष तृतीया नेपाल संवत् ११४४ | THURSDAY, SEPTEMBER 5, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी


# विशेषमा मुद्दा हार्दै, पुनरावेदन गर्दै अख्तियार

सार्वजनिक पदमा बसेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेमा अनुसन्धान गर्ने र कारबाहीका लागि विशेष अदालतमा मुद्दा हाल्ने काम गर्छ- अख्तियार दुरुपयोग अनुसन्धान आयोग। आयोगले दैनिकजसो विशेष अदालतमा मुद्दा पनि दर्ता गर्छ। तर, विशेषले अधिकांश मुद्दामा अख्तियारको दाबीअनुसार फैसला गर्दैन। अर्थात्, अख्तियार मुद्दा हार्छ, आरोपीले सफाइ पाउँछन्। त्यस्तो दर निकै छ। त्यसैकारण, आयोग फैसलाउपर पुनरावेदन/पुनरावलोकनका लागि विशेष अदालत पुग्ने गरेको छ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*

– को रिपोर्ट




## औषधिको गुणस्तरमा हेलचक्र्याइँ नहोस्



पवन आचार्य

इजलास

औषधिको महत्वपूर्ण पक्ष हो- गुणस्तर। त्यसपछि सर्वसुलभ ढंगले औषधि उपलब्ध हुनुपर्छ। साथै, सर्वसाधारणले सुपथ मूल्यमा पाउनुपर्छ। औषधिको गुणस्तरका विषयमा बेला-बेला प्रश्न उठ्ने गरेका छन्। दर्ता नभएका कम्पनीका औषधि बजारमा छ्यापछ्याप्ती भेटिन्छन्। त्यस्तै खुला सीमाको दुरुपयोग गर्दै स्वदेशमा दर्ता नभएका उद्योगका औषधि भित्रिरहेका छन्।

त्यति मात्र होइन, स्वास्थ्य बिमामा आपूर्ति गरिएका औषधिको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। बिमाले तुलनात्मक रूपमा उचित मूल्य कायम गरे तापनि अस्वस्थ प्रतिस्पर्धाका कारण सस्तो मूल्यमा आपूर्ति गर्नुपर्ने बाध्यता छ। त्यसैकारण कतै न कतै गुणस्तरमा त्रुटि भएको स्पष्ट छ।

यसमा सरोकारवाला निकायले गम्भीर रूपले अनुगमन गर्नुपर्छ। दोषीलाई कारबाही गरे मात्रै उपभोक्ताको हक अधिकार सुनिश्चित हुन्छ। औषधिको कच्चा पदार्थको उत्पादनको पनि डब्लूएमओ जीएमपी कम्प्लायन्स हुनै पर्ने अन्तर्राष्ट्रिय अभ्यास छ। हाम्रा सबै औषधि उत्पादनमा त्यसको पालना अनिवार्य गर्नुपर्छ। औषधिको गुणस्तरका साथसाथै अर्को महत्वपूर्ण पक्ष हो, मूल्य। समयानुकूल हुने गरी औषधिको मूल्य समायोजन गर्दा उपभोक्तालाई धेरै राहत हुन्छ। बिक्री प्रबर्द्धनका लागि औषधिमा दिँदै आएको बोनसलाई कानुनी रूपमै दण्डनीय अपराधको परिभाषाभित्र पार्नुपर्छ। त्यसो भयो भने मात्रै औषधिको मूल्य समायोजनामा सहजता आउँछ। स्वदेशी होस् वा विदेशी औषधिको मूल्यमा एकरूपता हुनु जरुरी छ।

औषधिको गुणस्तर, मूल्य समायोजन, अनुगमन, कारबाही लगायतका सवालमा नियमनकारी निकाय औषधि व्यवस्था विभागको भूमिका ठूलो हुन्छ। तर, बिडम्बना के छ भने सरकार फेरिनेबित्तिकै विभागको नेतृत्व पनि परिवर्तन हुन्छ। त्यसले पनि असर गरेको छ। अर्कोतिर विभागमा प्राविधिक जनशक्ति पर्याप्त मात्रामा छैन।

*(आचार्य, औषधि आयातकर्ता संघका महासचिव हुन्।)*

# पहिलो 'निर्णायक राष्ट्रिय शक्ति' बनाउने एमालेको मार्गचित्र

अन्नपूर्ण | *काठमाडौं*

दुईदिन चलेको एमालेको पोलिटब्युरो बैठकले निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्ने 'रोडम्याप' बनाएको छ। महासचिव शंकर पोखरेलद्वारा प्रस्तावित 'राष्ट्रिय शक्ति निर्माणको वार्षिक कार्ययोजना' पारित गर्दै कार्यान्वयनमा जाने निर्णय भएको प्रचारविभाग प्रमुख राजेन्द्रप्रसाद गौतमले जानकारी दिए। पार्टीलाई राष्ट्रिय निर्णायक शक्ति बनाउनका लागि आगामी वर्ष २०८२ भित्र १० लाख पार्टी सदस्य बनाउने कार्ययोजनामा उल्लेख छ। यस्तै, पार्टीमा भूमिकाविहीनलाई जिम्मेवारी प्रदान गर्ने, अन्तरविरोधको हल गर्ने, मन्त्री र जनप्रतिनिधिलाई परिचालन गर्ने लगायतका कार्यक्रम रोडम्यापमा समेटिएका छन्।

पार्टी अध्यक्ष केपी शर्मा ओलीले आगामी चुनावबाट पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउनका लागि नेता/कार्यकर्तालाई भूगोलमा खट्न निर्देशन दिएका छन्। 'अहिले पनि हामी राष्ट्रिय शक्ति हौं, आगामी निर्वाचनपछि हामी निर्णायक राष्ट्रिय शक्ति बन्छौं' ओलीले बैठकमा भनेका थिए। राजधानीमा बसेर कुरा काट्ने काम बन्द गर्न पनि ओलीले निर्देशन दिएका थिए।



> प्रचण्डले छुरा तिखारेर बसेका थिए। मैले एक राउन्ड किक दिएँ। त्यसैकारण अहिले असन्तुलित भएर प्रचण्ड बोलिरहेका छन्।
>
> **केपी ओली**, प्रधानमन्त्री

'सबै आफ्नो कार्य क्षेत्र जानु होला,' ओलीले भनेका थिए, 'काठमाडौं बसेर नेताको वरिपरि घुमेर हुँदैन। धेरैले मलाई कुरा लगायो भन्नु हुन्छ, त्यस्तो होइन। मसँग सुन्नलाई कान मात्र छैन, खोपडी पनि छ, विवेक छ। भूगोलमा गएर जनताका काम गर्नुहोस्।' उनले जनतासँग जोडिएर काम गर्न निर्देशन दिए। सामाजिक सञ्जालमा पनि सक्रिय हुन उनको निर्देशन थियो।

यस्तै, एमालेले नेता/कार्यकर्ताको नैतिकता, अनुशासन र चारित्रिक विषयमा कठोर बन्ने निर्णय गरेको छ। अनुशासनहीन र चरित्रहीन कार्यबाट टाढै रहन बैठकले निर्देशन दिएको छ। बैठकको समापनमा बोल्दै अध्यक्ष ओलीले भने, 'पार्टीभित्र अनुशासनहीन, चरित्रहीन गतिविधि बढे भनेर गुनासो बढेको छ। कि राजनीति गर्नुहोस् कि इन्जोय गर्नुहोस्।' राजनीति र इन्जोय दुवै गर्न पाइँदैन। चरित्र, आचरण, अराजक, नैतिकहीन कुरा पार्टीलाई सह्य छैन।' वामपन्थी मोर्चा पनि नबनाउने स्थायी समिति सदस्य शेरबहादुर तामाङले एमाले चुनावमा एक्लै जाने र कुनै पनि मोर्चा नबनाउने निर्णय भएको जानकारी दिए। 'एमालेले कुनै मोर्चा बनाउँदैन,' अध्यक्ष ओलीको भनाइ उद्धृत गर्दै तामाङले भने, 'न वाममोर्चा न अन्य मोर्चा, एमाले एक्लै जान्छ।' आगामी निर्वाचनमा एक्लै जानेमा अध्यक्षको जोड थियो। ओलीले अब कांग्रेस पनि एक्लै चुनाव लड्ने ठाउँमा पुगेकाले एमालेका लागि एक्लाएक्लै प्रतिस्पर्धाको मौका आएको बताए। हालैको केन्द्रीय समितिको बैठकमा कांग्रेसले पनि एक्लै चुनाव लड्ने निर्णय गरेको थियो। उनले भने, 'नेपाली कांग्रेसले एक्लै चुनाव लड्छु भनेको छ। एमाले हिजो पनि एक्लै गठबन्धनसँग लडेको र आज पनि एक्लै चुनाव लड्छौं। आफ्नो नीति तथा कार्यक्रम लिएर वामपन्थीका नाममा कुनै मोर्चा बन्ने सम्भावना छैन।'

सरकारको काम कारबाही विषयमा प्रधानमन्त्री ओलीले बिफ्रिङ गरे। ओलीले भ्रष्टाचारको नियन्त्रण गर्न एमाले र एमाले नेतृत्वको सरकार लागि परेको बताए। उनले भ्रष्टाचारका विषयमा कुनै कम्प्रोमाइज नगर्ने स्पष्ट पारे।

» बाँकी पृष्ठ ६

## रूसद्वारा युक्रेनमा आक्रमण, ५१ को मृत्यु

**किभ** (एपी): युक्रेनको पोल्टाभामा रूसी मिसाइल आक्रमणमा हालसम्म ५१ जनाको मृत्यु भएको छ। पोल्टावा युक्रेनको दोस्रो ठूलो सहर खार्किभबाट १३० किलोमिटर टाढा छ। युक्रेनले उक्त आक्रमणमा आफ्ना स्थल सैनिकहरूको पनि ज्यान गएको पुष्टि गरेको छ। रूसले आक्रमण गरेको मिसाइल इस्कन्डर एम ब्यालेस्टिक मिसाइल हो जसले ५०० किलोमिटरसम्म मार हान्न सक्छ। यो मिसाइलमा ७०० केजी विस्फोटक अटाउने बीबीसी समाचारमा उल्लेख छ। मंगलबार राति युक्रेनी सेनाले क्रिमियाबाट इस्कन्डर मिसाइल प्रहार भएको बताएको थियो। क्रिमियादेखि पोल्टाभाको दूरी लगभग ४३० किलोमिटर छ।

पोल्टावा रूसी सिमानाबाट १४० किलोमिटर टाढा छ। जसका कारण ५० भन्दा बढीको मृत्यु भएको छ। युक्रेनी रक्षा मन्त्रालयले पोल्टावाका लागि यो डरलाग्दो दिन भएको बताएको छ। हवाई आक्रमणको साइरन र मिसाइल आक्रमणको बीचमा एकदम कम समय भएकोले धेरै क्षति भएको जनाएको छ। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यो हमलाको मूल्य रूसले चुकाउनुपर्ने भन्दै हवाई प्रतिरक्षाका लागि थप सहयोग आह्वान गरेका छन्। सहयोग पाए युक्रेनले आफैं लामो दूरीका क्षेप्यास्त्रहरू प्रहार गरेर आफ्नो रक्षा गर्न सक्ने उनको तर्क रहेको बीबीसीले जनाएको छ।

# यूएईमा गैरकानुनी बस्नेलाई 'आममाफी' सुरु

मेघराज सापकोटा | *दुबई*

बिना कागजात (गैरकानुनी) रूपमा यूएईमा बसोबास गरिरहेका बिदेशी नागरिकहरूका लागि भिसा आममाफी (एम्नेस्टी) सुरु भएको छ। गत आइतबार १ सेप्टेम्बरदेखि लागू हुने गरी भिजिट वा रेसिडेन्स भिसा 'ओभरस्टे' भएका वा अन्य कुनै कारणले गैरकानुनी तवरले बसोबास गरिरहेकालाई कानुनी दायरामा ल्याउनका लागि ६० दिनको अवधि तोकी आममाफी घोषणा गरिएको हो।

बिभिन्न कारणले यूएईमा अलपत्र परेका नेपालीहरूले यस आममाफीबाट लाभ लिन सक्नेछन्। तर, फौजदारी मुद्दा लागेका वा भिसासँग सम्बन्धितबाहेक अन्य कुनै पनि मुद्दा लागेकाहरूले भने आममाफी पाउनका लागि उक्त केसबाट छुट्कारा पाउनुपर्ने छ।

सबै प्रकारका भिसाहरू रेसिडेन्स (कामदार, व्यवसाय, विद्यार्थी वा अन्य) वा भिजिट भिसामा बसेका व्यक्तिहरूले आफ्नो भिसा अवधि समाप्त भएर पनि यूएईमै बसिरहेकाहरूले यो आममाफीको फाइदा लिन सक्नेछन् भने यो आममाफी अक्टोबर ३१ सम्म चल्नेछ। भिसाको नियम उल्लंघन गर्नेहरूको स्थितिलाई नियमित गर्ने पहलले सहिष्णुता, करुणा र सामाजिक एकताको मूल्यहरू बढाउँछ र उल्लंघन गर्नेहरूलाई असाधारण समर्थन प्रदान गर्दछ, तिनीहरूलाई मद्दत गर्दछ। भिसा, रेसिडेन्सी, परिचयपत्र, स्थापना कार्डसम्बन्धी आर्थिक जरिवानाबाट छुट दिँदै लचिलो र सरल प्रक्रियाहरूमार्फत अनुग्रह अवधिमा तिनीहरूको अवस्था सुधार गर्न आवश्यक कदमहरू चाल्दै आएको छ, गत हप्ता सम्पन्न पत्रकार सम्मेलनमा अध्यागमन प्राधिकरणका कार्यवाहक महानिर्देशक मेजर जनरल सुहेल सईद अल खैलीले भनेका छन्।

नेपाली दूतावास अबुधाबीले एक सूचना जारी गर्दै गैरकानुनी तवरले बसोबास गरिरहेका सबैले उक्त सुबिधा लिन अनुरोध गरेको छ। आममाफीको अवधिपश्चात् पनि अटेर गरे गैरकानुनी बसेमा सजायको भागिदार हुने दूतावासको विज्ञप्तिमा उल्लेख छ।

आममाफीमा संलग्नहरू कुनै पनि बेला यूएईमा आउन सक्नेछन् अर्थात् प्रतिबन्ध लाग्ने छैन। आफ्नो मुलुक फर्कन चाहनेहरूले ट्राभल अनुमति पाएको १४ दिनभित्र यूएई छोडिसक्नुपर्ने छ। यूएईमै काम खोजेर बस्न चाहनेहरूले कुनै कम्पनीको अफर लेटर लगेर नयाँ भिसा लगाउन सक्नेछन्।

यूएईमा रेसिडेन्स र टुरिस्ट भिसामा झन्डै ६ लाख नेपाली रहेको अनुमान छ। यूएईमा कति नेपाली गैरकानुनी बसोबास गरिरहेका छन् भन्ने यकिन तथ्यांक भने नेपाली दूतावाससँग छैन।



**Amnesty 2024 सम्बन्धी सूचना**

संयुक्त अरव ईमिरेट्स सरकारले यहि ०१ September देखि ३० October २०२४ सम्म दुइ (२) महिनाको समय दिएर संयुक्त अरव ईमिरेट्समा विभिन्न कारणले कामको सिलसिलामा वा भिजिट भिषामा आइ Over Stay भइ जरिवाना बुझाउन नसकि स्वदेश फर्कन नसकेका आप्रवासी श्रमिकहरुलाई लक्षित गरि Amnesty २०२४ ल्याएको व्यहोरा नेपाली दाजुभाइ दिदि बहिनीहरु सबैलाई सूचित गरिन्छ। अत: यस अवधिमा Working Visa / Visit Visa मा आएर Run Away/ Over stay लगायतका जरिवाना तथा Immigration सम्बन्धी समस्या भोगिरहेका नेपाली आप्रवासी श्रमिकहरुलाई उक्त समयावधि भित्र देहाय बमोजिमका स्थानहरुमा गई Amnesty मा सहभागी भै नेपाल फर्कन इच्छुक वा संयुक्त अरब ईमिरेट्स भित्र नै बस्न चाहनेहरुले ३० October २०२४ भित्र तोकिएको प्रकृया पूरा गरी आफुलाइ वैधानिक रुपमा युएईमा नै रहन वा नेपाल गई पुन: युएई आउन सक्ने अवसरको कानूनी आधार निर्माण गरी यसबाट फाइदा लिनु हुन समेत अनुरोध गरिन्छ।